# बन्दिपुर गाउँपालिकामा हरियो वन कार्यक्रम

## बन्दिपुर गाउँपालिकाको परिचय




बन्दिपुर गाउँपालिका गण्डकी प्रदेश तनहुँ जिल्लामा पर्यटकीय महत्व बोकको १०२ बर्ग कि.मि. क्षेत्रफलमा फैलिएको सानो तर विविधताले सजिएको सुन्दर गाउँपालिका हो । आ.व. २०६८/६९ मा साविक धरमपानी र बन्दिपुर गाउँ विकास समितिहरुलाई समेटेर बन्दिपुर नगरपालिका घोषणा गरिएको थियो । वि.सं. २०७३ सालमा नेपालको नयाँ प्रादेशिक संरचना कायम भएसँगै साविक बन्दिपुर नगरपालिका, घाँसीकुवाका गाविसका १ र ९ वडाहरु र केशवटार गाविसका १, ८ र ९ वडाहरुलाई समावेश गरी ६ वडाहरु सहितको बन्दिपुर गाउँपालिका घोषणा भएको हो ।

बन्दिपुर तनहुँ जिल्लाको पुरानो सदरमुकाम हो । यो सहर मोटर यातायातको सुविधा नहुँदा पश्चिम पहाडका तनहुँ, कास्की, लम्जुङ्ग, गोर्खा र मनाङ्गका लागि दक्षिणबाट सामान ल्याउने मुख्य व्यापारिक नाकाको रुपमा विकास भएको थियो । यस ठाउँबाट बि.सं. २०२५ सालमा सदरमुकाम दमौली सारिए पनि सांकृतिक सम्पदा र प्राकृतिक मनोरमताको प्रचारप्रसारसँगै बन्दिपुर व्यापारिक नाकाबाट पर्यटकीय स्थानको रुपमा विश्वभर नैं प्रसिद्ध छ । बन्दिपुरमा साहसिक खेलहरु जस्तै प्याराग्लाइडिङ, रक क्लाइम्बिङ, ज्याफ्टिङ र ट्रेकिङ्ग ट्रेल तथा रुटहरु पनि उपलब्ध रहेका छन् । (स्रोतः गाउँपालिकाको आधिकारिक वेबसाइट)

यस गाउँपालिकाको आ.व. ०७७/७८ को गाउँ सभाबाट नीति योजना तथा कार्यक्रम र बजेटले आफ्नो क्षेत्र भित्र सडक, शिक्षा, कृषि, भेटनरी, सहकारी, पर्यापर्यटन, तथा सीपमुलक तालिमहरुमा विशेष जोड दिएको छ । गाउँपालिकाको एकिकृत बिकास योजना बनाई वातावरणमैत्री भौतिक पूर्वाधार निर्माण, मानव संसाधन व्यवस्थापन, विपद् पूर्वतयारी जस्ता विषयहरुमा कार्यक्रमहरु लागु गरिरहेको छ । आमजनताको प्रत्यक्ष सहभागिताबाट योजना बनाई कार्यक्रमहरु लागु भएकाले सो कार्यक्रमहरुमा स्थानीय बासिन्दाहरुको अपनत्व रहेको छ । हरियो वन कार्यक्रमले तिनै कार्ययोजनाहरुको सफल कार्यान्वयनका लागि आर्थिक तथा प्राविधिक सहयोग प्रदान गरिरहेको छ ।

## बन्दिपुर गाउँपालिकामा हरियो वन कार्यक्रमको भूमिका




अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) को सहयोगमा सञ्चालित हरियो वन कार्यक्रमको उद्देश्य नेपाली समुदाय र जैविक विविधतालाई लाभ पुऱ्याउनु हो । हरियो वन कार्यक्रम डब्लुडब्लुएफ नेपाल, केएर नेपाल, सामुदायिक वन उपभोक्ता महासंघ र राष्ट्रिय प्रकृति संरक्षण कोषसहित चारवटा संस्थाले संयुक्त रूपमा कार्यान्वयन गरिरहेका छन्। कार्यक्रमको पहिलो चरण सन् २०११ मा सुरु भएर सन् २०१६ मा अन्त्य भएको थियो । पहिलो चरणका उल्लेखनीय उपलब्धि र सिकाईहरूलाई अवलम्बन गर्दै कार्यक्रमको दोस्रो चरण सन् २०१६ देखि नै सुरु भई ५ वर्षसम्मका लागि

सञ्चालन भइरहेको छ । यस कार्यक्रमले चितवन अन्नपूर्ण भू-परिधि र तराई भू-परिधिमा काम गर्छ । यसका दुई कार्यक्षेत्र जैविक विविधता संरक्षण र जलवायु परिवर्तन अनुकूलन रहेका छन् । यी दुई कार्यक्षेत्रभित्र बजारमुखी जीविकोपार्जन, सुशासन र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका कार्यक्रम पर्दछन् ।




हरियो वन कार्यक्रमले बन्दिपुर गाउँपालिकामा आफ्नो पहिलो चरणदेखि नै कार्यक्रमहरु सञ्चालन गर्दै आइरहेको छ। आदिवासी जनजातिहरु, विपन्न वर्ग तथा पिछडिएका समुदायहरुको उल्लेख्य बसोबास भएको यस गाउँपालिकामा हरियो वन कार्यक्रमले जैविक विविधता संरक्षण, जलवायु परिवर्तन, जीविकोपार्जन, सुशासन र लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धि सवालहरुलाई सम्बोधन गर्नका लागि विभिन्न क्रियाकलापहरु सञ्चालन गर्दै आइरहेको छ। वन पैदावरको गैह्रकानुनी संकलन, मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरण, जलवायु परिवर्तन, खोला तथा नदी किनार कटान, वन डढेलो, अतिक्रमण र वन्यजन्तु चोरी-सिकारी, भू-क्षय, मिचाहा प्रजाती, लैङ्गिक असमानता तथा सामाजिक बञ्चितिकरण, आदि विषयहरुका समाधान तथा न्यूनीकरणका लागि साथै जीविकोपार्जन सुधार र प्राकृतिक स्रोत व्यवस्थापन समूहहरुमा सुशासन तथा समावेशीकरणका लागि बन्दिपुर गाउँपालिकामा कार्यान्वयन गरिएका विभिन्न कार्यक्रमहरुमध्ये केही मुख्य कार्यक्रमहरु निम्न रहेका छन्:

| क्र. सं. | कार्यक्रम | कार्यक्रम सञ्चालन भएका स्थान | परिमाण | लाभान्वित घरधूरी |
|---|---|---|---|---|
| १ | जैविक विविधता संरक्षण | | | |
| १.१ | समुदायमा आधारित चोरीशिकार नियन्त्रण इकाई परिचालन | ५ वटा सामुदायिक वनहरु | ५ इकाई | ५१ स्वयंसेवी युवाहरु |
| १.२ | बजारमुखी जीविकोपार्जनः बजारमा आधारित वैकल्पिक जीविकोपार्जन विकास तथा प्रवर्द्धन | | | |
| १.२.१ | घरधुरी स्तरको जीविकोपार्जन सुधार | बन्दिपुर गाउँपालिका | ७ सा.व.उ.स | ४४ घरधुरी |
| १.२.२ | सीपमुलक तालिम | बन्दिपुर गाउँपालिका | ३१ जना | ३१ घरधुरी |
| १.२.३ | घुम्तिकोष | बन्दिपुर गाउँपालिका | १२ वटा सा. व. | ७६८ घरधुरी |
| १.३ | वृक्षारोपण | बन्दिपुर गाउँपालिका | २,२५,४५५ विरुवा (३१.५ हेक्टर) | ९७१ घरधुरी |
| १.४ | बायोग्याँस | बन्दिपुर गाउँपालिका | ५९ एकाई | ५९ घरधुरी |
| २ | जलवायु परिवर्तन अनुकूलनका लागि पूर्व तयारी तथा अनुकूलन | | | |
| २.१ | स्थानीय जलवायू परिवर्तन अनुकूलन योजना (लापा) | साविक केशवटार. गाविस | १ | ८४ सङ्कटासन्न घरघुरी |
| २.२ | समुदायमा आधारित जलवायु परिवर्तन अनुकूलन योजना (कापा) | बन्दिपुर गाउँपालिका | १४ | १,८२८ सङ्कटासन्न घरघुरी |

| क. सं. | कार्यक्रम | कार्यक्रम सञ्चालन भएका स्थान | परिमाण | लाभान्वित घरधूरी |
|---|---|---|---|---|
| २.३ | एकीकृत उप-जलाधार व्यवस्थापन योजना | सुखौरा खोला उप जलाधार व्यवस्थापन योजना | १ | २०५ वटा विपन्न घरधुरीहरु (१७० जनजाति, १० दलित) |
| २.४ | टनेल खेती | बन्दिपुर गाउँपालिका वडा नं ३ | २ सा.व.उ.स | २५ घरधुरी |
| ३ | लैङ्गिक समनता तथा सामाजिक समावेशीकरण | | | |
| ३.१ | सामुदायिक सिकाई तथा कार्य केन्द्र | बन्दिपुर गाउँपालिका वडा नं. २, ३, ४, ५, ६ | १९ वटा | ५१३ घरधुरी |
| ४ | सुशासन | | | |
| ४.१ | प्राकृतिक स्रोत व्यवस्थापन समुहमा संस्थागत क्षमता विकास मार्गदर्शन मार्फत क्षमता विकासमा सहजिकरण | बन्दिपुर गाउँपालिका वडा नं. २, ३, ४, ५ र ६ | २० सा.व.उ.स | २,२१५ घरधुरी |
| ४.२ | प्राकृतिक स्रोत व्यवस्थापन समुहहरुको संस्थागत क्षमता पुनःआँकलन | बन्दिपुर गाउँपालिका वडा नं..२,३,४,५ र ६.) | २० समुह | २,२१५ घरधुरी |
| ४.३ | सामुदायिक वन सञ्चालन योजना कार्यान्वयन योजनामा सहयोग | बन्दिपुर गाउँपालिका वडा नं. २, ३, ४, ५ र ६ | ९ समुह | ८१ घरधुरी |
| ४.४ | नमुना सामुदायिक वन विकास | बन्दिपुर गाउँपालिका वडा नं.४ | १ | जुमडाँडा झप्री सामुदायिक वनका २७ घरधुरी |

## हरियो वन कार्यक्रम मार्फत सञ्चालन भएका क्रियाकलापहरुका केही प्रमुख उपलब्धिहरु

बन्दिपुर गाउँपालिकामा यस कार्यक्रमका केही प्रमुख उपलब्धिहरुलाई निम्नानुसार रहेका छन्:

- चोरीशिकार नियन्त्रण इकाईका युवाहरुले वन र वन्यजन्तुको चोरीशिकार तथा अवैध ओसारपसारलाई निरुत्साहित गर्ने, समुदायमा सचेतना फैलाउने, कानुन नियमन निकायलाई सहयोग गर्ने, मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरण तथा वन डढेलो नियन्त्रणमा सहजीकरण गर्ने जस्ता कार्यमा प्रभावकारी भूमिका निर्वाह गर्दै आएका छन् ।



- सीपमूलक तालिम सञ्चालन पश्चात उत्पादनशील, रोजगारी, स्व-रोजगारी र जीविकोपार्जनका लागि न्यूनतम अवसर प्राप्त गर्नबाट समेत बञ्चित भएकाहरूलाई यस्तो शिक्षा र तालिमका अवसरहरू प्राप्त गर्न सहज र उपयुक्त वातावरण तयार भएको छ ।



- बायोग्याँसको निर्माणबाट पर्यावरण संरक्षणमा सहयोग पुग्नुका साथै लाभान्वित समुदायहरु ईन्धनका लागि वनमा आश्रित हुने क्रममा उल्लेख्य सुधार आएको छ यसबाट ती घरधूरीहरुमा स्वास्थ्यमा पर्ने प्रतिकुल असर र ईन्धनका लागि आर्थिक भारमा पनि कमी आएको छ ।



- बजारमा आधारित वैकल्पिक जीविकोपार्जन विकास तथा प्रर्वद्धनका लागि आयमुलक क्रियाकलापहरुमा जोड्नका लागि उद्यम विकासका लागि सकंटासन्न समुदायका विपन्न तथा अति विपन्न घरधुरीलाई आवश्यक प्राविधिक तालिम र सरसामग्री सहयोगले सो समुदाय आयमुलक कार्यसँग जोडिँदा जीवनस्तर सुधारमा सहयोग भएको पाइएको छ ।
- स्थानीय विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन योजना अनुसार प्राथमिकिकृत क्रियाकलापहरुको कार्यान्वयन गर्नमा सहयोग गर्दा अति उच्च जोखिममा रहेका घरपरिवारलाई विभिन्न किसिमका फाइदाहरु पुगेको छ । साथै यस गाउँपालिका अर्न्तगत रहेका नदी किनारका संकटासन्नता समुदायलाई बर्षेनी आइपर्ने बाढी, पहिरो जस्ता विपदको जोखिम न्युनीकरणमा योगदान पुगेको छ । साथै जैविक तटबन्ध निर्माण तथा बाँस रोपण जस्ता कार्यहरुले गर्दा सो विपदहरुबाट हुने क्षती न्युनीकरण हुनुका साथै वातावरणीय अनुकुलतामा सहयोग पुगेको छ । बन्दिपुर गाउँपालिकामा स्थानीय तथा समुदायस्तरीय जलवायु परिवर्तन अनुकूलन योजनाहरु ( लापा र कापा) अन्तर्गत कार्यान्वयन गरिएका विभिन्न गतिविधिहरु/क्रियाकलापहरुबाट १,९१२ वटा विपन्न तथा पिछडिएका घरधुरीहरु प्रत्यक्ष रुपमा लाभान्वित भएका छन् जसमा ३२० घरधुरी दलित, ७३२ घरधुरी गरीब तथा १,०५९ घरधुरी जनजाति रहेका छन् । साथै अन्य उपलब्धि निम्न रहेका छन्:
    - वडा नं ६ मा संरक्षण पोखरी निर्माण
    - साविक धरमपानी गाविसमा पदमार्ग निर्माण
    - वडा नं २ मा ग्याबिन ड्याम निर्माण
    - साविक केशवटार गाविस वडा नं २ मा पानी संकलन पोखरी निर्माण
    - साविक केशवटार गाविस वडा नं ९ मा फुदी खोला बाढी नियन्त्रणका काम भएको
    - ७३ घरधूरीमा हरित गृह टनेल निर्माण सहयोग
    - ५३ घरधूरीमा प्लास्टिक टनेल निर्माण सहयोग
    - ३० घरधूरीमा प्लास्टिक पोखरी निर्माण सहयोग
    - साविक केशवटार गाविसमा २१ वटा ग्याबिन बक्सको निर्माणबाट ७० घरधूरी लाभान्वित
    - ७ वटा पानी ट्याङ्की मर्मत सम्भारबाट १८७ घरधूरी लाभान्वित
    - बन्दिपुर गाउँपालिका वडा नं ३ मा कुलो मर्मत
    - च्याउ खेती, प्राङ्गारीक झोलमोल बनाउने तालिम, चट्याङ्ग सम्बन्धी सचेतना



- बैमौसमी तरकारी खेती प्रर्वद्धनका लागि आधुनिक टनेल खेती प्रविधि विकासमा कृषक वर्गहरुको प्राविधिक ज्ञान,सीप तथा क्षमता विकास सँगै आयमुलक क्रियाकलापमा जोडिएका छन जसले गर्दा मानव स्वास्थ, पोषण, जलवायु अनुकुलित कृषि क्रियाकलाप सम्बन्धि चेतना अभिवृद्धि तथा प्रयोगले जीवनस्तर सुधारमा सहयोग पुगेको पाइएको छ ।

- सामाजिक विश्लेषण अध्ययन प्रतिवेदन विकास गर्दा यस सुखौरा खुदीखोला ब्लकका मुख्य सवालहरुका रुपमा सा.व.उ.स.का सदस्यताबाट वहिस्करण, असमान शक्ति सम्वन्ध, महिलाहरुको गतिशिलता तथा भुमिका परिवर्तन, मद्यपान तथा घरेलु हिंसा, जातीय विभेद, जलवायु परिवर्तनको प्रभावले संकटासन्न, खडेरी, कीरा रोग प्रकोपको कारणले खाद्य सुरक्षामा समेत असर, महिलाहरुमा कार्यबोझ, दलित र जनजातीहरुमा बहुविवाह र व्यक्तिगत घटना दर्ता नगर्ने आदि सामाजिक सवालहरु देखा परेका थिए भने उक्त सवाल सम्बोधनका लागि स्थानीय सरकार, सरोकारवाला निकायहरु, र हरियो वन कार्यक्रमले सयुक्त रुपमा क्रियाकलाप कार्यान्वयन गर्दा समावेशी सहभागीतामुलक पद्धतिद्वारा हरियो वनका सफल प्रयासहरुलाई पनि निरन्तरता दिने जस्तै कार्यक्रम कार्यान्वयनमा दलित तथा अल्पसंख्यक समुदायहरुलाई विशेष प्राथमिकता दिने र क्षमता विकासमा पनि अभिवृद्धि भएको पाइएको छ ।

- विद्यमान सामाजिक सवाल सम्बोधन, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, महिला नेतृत्व विकास सम्बन्धि विषयगत ज्ञान, सीप तथा दक्षताको विकास, महिला सशक्तीकरण विकासका लागि उपायहरुको खोजी विषयमा सैद्धान्तिक तथा व्यवहारिक तालिम प्रदान गर्दै महिला नेतृत्व विकासमा सहयोग पुगेको छ ।



- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका क्षेत्रमा महिला नेतृत्व विकासमा पुरुष तथा निर्णायक वर्गको संलग्नतामा गाउँपालिका क्षेत्रका वन समुहका कार्यसमिती पदाधिकारीहरुलाई तालिम तथा कार्ययोजना कार्यान्वयनबाट विद्यमान सामाजिक सवाल सम्बोधन, लैंगिक विकास, महिला सशक्तिकरणका लागि उपायहरुको खोजी तथा स्थानीय स्तरमा प्रयोगका विषयमा सैद्दान्तिक तथा व्यवहारिक तालिम प्रदान गर्दै महिला नेतृत्व विकासमा सहयोग पुगेको छ ।

- समाजमा विद्यमान सामाजिक सवालहरुलाई मध्यनजर गरी सहभागितामुलक अन्तरक्रियात्मक गोष्ठी, छलफल मार्फत तयार भएको सामाजिक विश्लेषण प्रतिवेदनका आधारमा विकासको मुलप्रवाहबाट पछाडि पारिएका महिला, दलित, जनजाति, अल्पसख्ँयक समुदाय तथा सकंटासन्न लक्षित वर्गको सार्वजनिक सरोकारका विषयमा अर्थपुर्ण सहभागिता, विकासमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मुलप्रवाहीकरण तथा विकासमा पहुँच, क्षमता विकास तथा अभिवृद्धिमा टेवा पुगेको पाइएको छ ।



- सामुदायिक सिकाई तथा कार्य केन्द्र सञ्चालनबाट विपन्न, दलित र महिलाहरुले पैरवी अभियानमा मुख्य नेतृत्व बहन गर्दै स्थानीय निकायहरुसँगको सहकार्य तथा समन्वयमा विविध क्रियाकलापहरु सञ्चालन गरी सामाजिक रुपान्तरणका क्षेत्रमा सक्रिय सहभागितामा अग्रपंक्तिमा आउनका लागि सक्षम भएका छन् । सिकाई केन्द्रका केही महिलाहरु चेतना महिला सहकारी मार्फत गलैंचा उत्पादनमा संलग्न हुदैं आत्मनिर्भर बन्दै गएका र बिभिन्न सहकारीमा बचत क्रियाकलापमा संलग्न छन् । साथै स्थानीय स्तरमा हुने सामाजिक सवाल तथा मुद्दामा सहजिकरण गर्दै आएका छन् ।

- यस गाउँपालिका क्षेत्रभित्र रहेका सा.व.उ.स. मा क्षमता सुधारका लागि समयानुसारको कार्ययोजना बनाई लागु गर्दा समूहको आन्तरिक तथा बाह्य सुशासन अभिवृद्धी गर्न सहयोग पुगेको पाइएको छ । साथै उक्त समूहहरुको संस्थागत क्षमता पुनःआँकलन गर्दा पहिलेभन्दा उल्लेख्य रुपमा सुधार भएको र समूह अझ बढी सक्रिय भएको पाइएको छ ।

## सिकाई

- चोरीशिकार नियन्त्रण इकाईका युवाहरु स्वयंसेवी रुपमा संलग्न हुने भएकोले युवाहरु परिवर्तन भइरहन्छन् । समुदायका सचेतकको रुपमा रहनु पर्ने हुनाले उनीहरुको नियमित रुपमा क्षमता विकास गरिरहनु पर्दछ र संरक्षण कार्यमा अद्यावधिक गरिरहनु पर्दछ । यसमा स्थानीय सरकारले नियमित सहयोग गर्नु पर्ने देखिन्छ ।

- जल, जमिन, वानस्पतिक स्रोत, भू-उपयोगको अवस्था, जलवायु परिवर्तन अनुकूलन र विपद् जोखिम न्यूनीकरण, जैविक विविधता संरक्षण, सुशासन, लैङ्गिक समानता, जीविकोपार्जन जस्ता विभिन्न विषयगत क्षेत्रहरुको एकीकृत व्यवस्थापन गर्न उप-जलाधार व्यवस्थापन योजना बनाई कार्यान्वयन गर्दा जलाधारीय स्रोतहरुको उचित व्यवस्थापन गर्न सहज हुने ।

- जलाधारको एकीकृत तथा दिगो व्यवस्थापनका लागि उप तथा सूक्ष्म जलाधार स्तरमा संरक्षण समितिहरुको गठन र नियमित परिचालन गर्दा जलाधारीय स्रोतहरु व्यवस्थापन गर्न सहज हुने । कार्ययोजना पुनरावलोकन/परिमार्जन गर्नु पर्ने बेला भइसकेकाले नेपाल सरकारले २०७६ सालमा स्वीकृत गरेको परिमार्जित लापा फ्रेमवर्क बमोजिम समग्र पालिकाको कार्ययोजना तर्जुमा गर्नुपर्ने आवश्यकता छ ।

- जलाधार क्षेत्रमा दिगो व्यवस्थापन, सह-लगानी बढाउन र समस्याहरुको एकीकृत समाधान गर्न उक्त क्षेत्रमा रहेका उपल्लो, मध्य र तल्लो तटिय समुदाय, स्थानीय सरकार, समुदायमा आधारित संस्थाहरु तथा अन्य गैर सरकारी संस्थाहरु विच बहु-सरोकारवाला छलफल प्रभावकारी देखिएको छ ।

- १६ हप्तासम्म विविध गतिविधिका साथ सञ्चालन गरिने सिकाई केन्द्रको अभ्यासमा निरन्तरताको साथै सहभागी, सहजकर्ता र स्थानिय सरकारको उचित तालमेल र सहकार्य हुन सकेको खण्डमा स्थानिय स्तरका सामाजिक सवालहरु विषेशगरी विभिन्न प्रकारको लैंगिक हिंसाका सवालहरु सम्बोधनमा प्रभावकारी रहेको पाइएको छ ।

- सिकाई केन्द्रका अभ्यासहरु जलवायू परिवर्तन, प्राकृतिक श्रोत व्यवस्थापन र विपद् व्यवस्थापन जस्ता विषयमा अति सिमान्तकृत समूहहरु जस्तै महिला, दलित र आदिवासी जनजातिहरुको सचेतना अभिवृद्धि गर्न र यस्ता विषयका सिकाईलाई व्यवहारमा लागू गराउन पनि अत्यन्त सहयोगी देखिएका छन् ।

- वनमा आश्रित साथै विपन्न व्यक्तिहरुलाई सीपमूलक तालिम प्रदान गर्दा स्थानीय स्तरमा व्यवसाय सञ्चालन गरी राम्रो आम्दानी भएपछि संरक्षणप्रति सकारात्मक सोचको बिकास हुने ।

- स–सानो परिमाणको घुम्ती कोषलाई पनि प्रभावकारी परिचालन गर्न सकियो भने मनग्गे लाभ हासिल गर्न सक्ने ।

- बजारमुखी जीविकोपार्जन सुधारका लागि प्राकृतिक स्रोतहरुको दिगो प्रयोग गरी समुदायमा आधारित संरक्षण कार्यक्रमहरु नैं उत्तम विकल्पका रुपमा देखिएका छन् । उद्यमहरुको स्वामित्व, अर्थव्यवस्था र संरक्षण, यी सबै समुदायमा आधारित संरक्षणमा एक अर्कासँग जोडिएर आउने गर्दछन् । संरक्षणको दिगोपना स्थानीय समुदायमा नै निर्भर रहने गर्दछ र उनीहरूको जीवनयापनमा सुनिश्चितता भएमा मात्र उनीहरूले संरक्षणमा योगदान पुऱ्याउँछन्।

- सीपमुलक तालिमका प्रशिक्षार्थीहरुको छनोटमा स्थानीय तहले विशेष भूमिका निर्वाह गर्नुपर्ने देखिन्छ ।

- कार्यक्रमहरुको प्रभावकारिता र दिगोपना सुनिश्चित गर्न सामाजिक परिचालन महत्वपूर्ण हुने ।

- गरिव, संकटासन्न, विपन्न, महिला र वहिष्करणमा परेका समुहहरुको विभिन्न क्षमता विकास कार्यक्रम तथा विभिन्न जानकारी र सूचनामा पहुँच र सहभागिता बढाउँदा उनीहरुको आत्मविश्वास र नेतृत्व क्षमता विकास हुने जसबाट प्राकृतिक स्रोतमाथिको लाभ र फाईदाको न्यायोचित वितरणमा सघाऊ पुग्ने ।
- वन समूहहरुको संस्थागत क्षमता विकासमा अन्य सक्रिय र परिपक्व समूह परिचालन गर्दा सिकाई सहज र छिटो भएको । साथै सामूहिक रुपमा कार्य-समीक्षा-थपकार्य पद्दतीमा छलफल गरेर काम गर्दा सबैको साथ र सहयोग प्राप्त भई उपलब्धी हासिल गर्न सहज हुने ।
- गाउँपालिका स्तरको योजना बनाउँदा सहभागीतामूलक रुपमा संकटासन्न वडा, समुदाय र कार्यक्रमहरुको पहिचान गरेको हुनाले संकटासन्न वडाहरुमा कार्यक्रम केन्द्रित गर्न सबैको सहयोग र साथ पाउन सजिलो भएको।
- कार्यक्रमका शुरुवाती चरणदेखी नै स्थानीय सरकार, समुदाय र सम्बन्धीत सरोकारवालाहरुको संलग्नता बढाएमा सहज रुपमा सम्पन्न गर्न, आवश्यक स्रोतको व्यवस्थापन गर्न र दिगोपनामा सघाउ पुग्ने ।
- जलवायु परिवर्तनका असरहरुलाई सामना गर्न समुदाय र सामुदायिक संगठनहरु (जस्तै साबउस, सामुदायिक सिकाई तथा कार्य केन्द्र, कृषि समुह, सहकारी समुह, समुदाय स्तरका सघंसंस्थाहरु, समुदायमा आधारित चोरी सिकारी नियन्त्रण इकाई) को परिचालन उपयुक्त माध्यम हो । यसका लागि उनीहरुको पर्याप्त ज्ञान, सिप तथा क्षमता विकास तथा अभिवृद्धि हुन आवश्यक छ ।

## समुदायमा कार्यक्रमको दिगोपना

हरियो वन कार्यक्रमले सञ्चालन गरेका क्रियाकलापहरु स्थानीय स्तरमैं माग भई आएका तथा टड्कारो रुपमा सामाजिक तथा पर्यावरणीय बिकासमा वाधा पुऱ्याउने समस्याका समाधानका कार्यक्रमहरु भएकाले आगामी दिनहरुमा पनि यी कार्यक्रमहरुले निरन्तरता पाउन एकदमै जरुरी भएको महसुस भएको छ। आवधिक योजनाहरूमा लक्षित सामाजिक वृद्धि हासिल गर्न स्रोत तथा साधनमा समान पहुँच, रोजगारीका अवसरहरूको सिर्जना, पर्यावरण संरक्षण, सुशासनको अभिवृद्धिजस्ता संरचनागत आवश्यकताहरुलाई यी कार्यक्रमहरुको निरन्तरताले उचित रूपमा सम्बोधन गर्ने भएकाले बन्दिपुर गाउँपालिकाले हरियो वन कार्यक्रमद्वारा सञ्चालन गरिएका क्रियाकलापहरुलाई थप परिष्कृत गर्दै अघि बढाउन जरुरी हुन्छ। यसका लागि बन्दिपुर गाउँपालिकाले स्थानीय स्रोत, साधन, सीप, ज्ञान र दक्षताको दिगो सदुपयोग हुने गरी यी कार्यक्रमहरुलाई आफ्नो वार्षिक कार्ययोजनामा समावेश गराई अघि बढाउनु पर्छ जसले गर्दा विकासको मूलधारमा ल्याउन बाँकी रहेका जाति, वर्ग, लिङ्ग, क्षेत्र तथा अल्पसंख्यक, सीमान्तकृत, बञ्चित आदि सबै समुदायको सामाजिक अवसरको पहुँच विस्तारमा सहयोग पुऱ्याउने छन् । जीवनस्तरमा हुने गुणात्मक सुधारले मात्र स्थानीय बासिन्दालाई प्रत्यक्ष परिवर्तनको अनुभूति दिलाउने र अन्तत्वोगत्वा पर्यावरण संरक्षण र जीवनस्तर सुधार गर्ने हुनाले हरियो वन कार्यक्रम मार्फत हाल सञ्चालन भइरहेका कार्यक्रमहरुलाई निरन्तरता दिनु जरुरी हुन्छ ।

समुदायमा आधारित चोरीशिकार नियन्त्रण इकाईलाई सम्बन्धित सामुदायिक वन उपभोक्ता समूहको उपसमितिको रुपमा कार्यविधि अनुमोदन गरी संस्थागत गर्नु पर्दछ र सो कार्यमा बन्दिपुर गाउँपालिकाले समन्वयकारी भूमिका निर्वाह गर्नु पर्दछ। वहुवर्षिय बालीहरुलाई ब्लकस्तरमा उत्पादन गर्न प्रोत्साहन गरी यस गाउँपालिकाको चुरेक्षेत्रमा भू-क्षय कम गर्ने काममा स्थानीय तह, कृषक, नीजि क्षेत्र लगायत सबै सरोकारवालाहरुको सहकार्य जरूरी हुन्छ । यी सबै सरोकारवालाहरुको सहकार्य स्थानीय उत्पादनको बजारीकरणमा पनि जरूरी हुन्छ। स्थानीय सरकारले असल अभ्यासको अनुसरण गरी आफ्ना वार्षिक नीति तथा कार्यक्रमका मूलप्रवाहीकरण गर्नु पर्दछ। जलाधार क्षेत्रमा संस्थागत संरचनाको स्थापना तथा बिकासका लागि पनि स्थानीय सरकारले पहल गर्दा थप प्रभावकारी हुन्छ। वातावरणमैत्री भौतिक पुर्वाधार बिकासका लागि पनि सम्बन्धित समुदाय र सरोकारवाला निकाय, संस्थासँगको सम्बन्ध स्थापित गर्न बन्दिपुर

गाउँपालिकाले समन्वयकारी भूमिका निर्वाह गर्दा हरियो वन कार्यक्रमको अन्त्य पछि पनि यी सफल कार्यक्रमहरुले दिगोपना पाउने देखिन्छ । कार्यक्रमको दिगोपनाका लागि निम्न विषयहरु जरुरी देखिन्छः

- चोरीशिकार नियन्त्रण इकाई परिचालन वन तथा वन्यजन्तु संरक्षणमा सफल कार्यक्रम भएको अनुभवको आधारमा स्थानीय सरकारले पनि चोरीशिकार नियन्त्रण इकाई परिचालनलाई आफ्नो नियमित कार्यक्रम भित्र पार्न सके यसको दिगोपना हुने देखिन्छ ।
- सुखौरा खोलाको एकीकृत उप-जलाधार व्यवस्थापन योजना र स्थानीय जलवायु परिवर्तन अनुकूलन योजनाको कार्यान्वयनबाट प्राप्त उपलब्धि र सिकाईहरुको आवधिक समीक्षा गर्दै गाउँपालिकाका वार्षिक योजनाहरु मार्फत कार्यान्वयन गर्दै लैजाँदा प्रभावकारी हुने ।
- उप-जलाधार व्यवस्थापन योजना र स्थानीय जलवायु परिवर्तन अनुकूलन योजनाका कार्यान्वयन, सहजिकरण गर्न गठन भएका उप जलाधार संरक्षण समितिको नियमित परिचालन र सशक्तिकरण गर्दै लैजाने ।
- नदिजन्य पदार्थको उत्खननलाई वातावरणमैत्री बनाउन नियमन गर्दै सोमा आश्रित समुदायको जीवीकोपार्जनका साथै भवितव्यको अवस्थामा राहतको लागि बिशेष कोष तथा बिमा आदिको व्यवस्था गर्दा राम्रो हुने ।
- लैंगिक तथा सामाजिक सवालहरुमा रुपान्तरणका लागि सामुदायिक सिकाई तथा कार्य केन्द्रलाई सहयोग प्रदान गरी परिचालन गर्न सकिएकमा राम्रो हुने ।
- सामुदायिक वन उपभोक्ता समूहहरुमा भएको घुम्ती कोषको परिचालनलाई प्रभावकारी बनाउन नियमित अनुगमन र प्राविधिक सरसल्लाह उपलब्ध गराउन सकिएमा अझ राम्रो परिणाम प्राप्त गर्न सकिने ।
- स्थानीय स्रोत व्यक्ति तथा तालिम प्राप्त जनशक्तिको प्रभावकारी परिचालन गर्ने । व्यावसायिक योग्यताको संरचना तयार गरी सो संरचनाभित्र औपचारिक र अनौपचारिक तालिमका विषयवस्तुलाई सिकाईका आधारका रूपमा गाउँपालिकाले विकसित गर्नुपर्ने ।
- स्रोत साधन तथा कार्यक्रमहरुमा वर्ग तथा लिङ्गको समानुपातिक प्रतिनिधित्व र लाभांशहरुको न्यायोचित वितरण प्रक्रियामा जोड दिँदा सामाजिक न्याय प्रत्याभूत गराउन मद्दत पुग्ने ।
- हरियो वन कार्यक्रम मार्फत प्राप्त निम्न सफल अभ्यास र प्रविधिहरु मध्ये सम्बन्धित समूह तथा स्थानीय सरकारलाई राम्रा लागेका सफल अभ्यास र प्रविधिहरुलाई आफ्ना वार्षिक नीति तथा कार्यक्रमहरु मार्फत संस्थागत तथा मूलप्रवाहीकरण गर्दै कार्यान्वयन गर्न सकिएमा समुदाय स्तरमा राम्रो प्रभाव हासिल गर्न सकिने।
    - जलवायु तथा महिलामैत्री प्रविधि,
    - प्राकृतिक स्रोत व्यवस्थापन समूहहरुको संस्थागत क्षमता बिकास,
    - पानीको मात्रा तथा गुणस्तार बृद्धिको दृष्टिकोणबाट महत्वपूर्ण क्रियाकलापहरु जस्तै पानी मुहान संरक्षण, खोला किनार संरक्षण तथा खहरे नियन्त्रण, सिँचाइ कुलो संरक्षण, संरक्षण तथा पुन भरण पोखरी निर्माण, छेकबाँध, क्षति ग्रस्त जमिनको पुनर्उत्थान, आदि ।
    - सामुदायिक वन उपभोक्ता समूह स्तरमा बनेका लैससास नीति तथा कार्ययोजना,
- जलाधार क्षेत्रमा सह-लगानी बढाउन र समस्याहरुको समाधान गर्न उक्त क्षेत्रमा रहेका उपल्लो, मध्य र तल्लो तटिय समुदाय, स्थानीय सरकार, समुदायमा आधारित संस्थाहरु तथा अन्य गैर सरकारी संस्थाहरुको

संग्लनता कायम हुने गरी बहु-सरोकारवाला निकायहरु बीच छलफललाई निरन्तरता दिईदा स्रोतहरुको दोहोरोपना हटाउन र जलाधार व्यवस्थगापन सम्बन्धी सिकाईहरु आपसमा आदान प्रदान गर्न सहज हुने ।

यसका साथै हरियो वन कार्यक्रमको समयावधी समाप्त हुनु अघि हाल सञ्चालनमा रहेका क्रियाकलापहरु र आशातीत उपलब्धिहरु हासिल हुने गरी सम्पन्न गरिनेछ । सफल देखिएका क्रियाकलापहरुलाई बिस्तार गर्नका लागि आवश्यक प्राविधिक सहयोग निरन्तर प्रदान गरिनेछ । ती क्रियाकलापहरुलाई राष्ट्रिय योजना तथा अन्य आयोजनाहरु साथै सरोकारवालाहरु र हरियो वन कार्यक्रमका साझेदार संस्थाहरुसँग सहकार्य तथा साझेदारीका लागि प्रयासहरु गरिनेछ। साथै, बाँकी समयावधीमा यी कार्यक्रमहरु कार्यान्वयनका दौरान प्राप्त सिकाई तथा उपलब्धिहरुको अभिलेखिकरण पनि गरिनेछ ।

**हरियो वन कार्यक्रम**

**डिस्क्लेमरः** यो सामाग्री अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) मार्फत अमेरिकी जनताहरूको सहयोगका कारण सम्भव भएको हो । यस सामाग्री भित्रका विषयवस्तु र सामाग्री डब्लुडब्लुएफ नेपालका एकल जिम्मेवारी हुन् र तिनले युएसएआइडी वा अमेरिकी सरकारको विचारको प्रतिविम्बित गर्छन् भन्ने जरुरी छैन ।